पहिलो वर्ष – पहिलो सत्र

नेपाली मेजर विषय लिने विद्यार्थीले पहिलो सत्रमा नेपाली विषयद्वारा प्रस्तावित एउटा मेजर पाठ्यचर्या र एउटा SE पाठ्यचर्या लिनु पर्नेछ। माइनर पाठ्यचर्या भने अन्य विषयमा मेजर पाठ्यचर्या लिने विद्यार्थीहरूले लिन सक्ने छन्। पहिलो सत्रमा गैर बिए (बिकम, बिएस्सी आदि)का विद्यार्थीहरूले AECM लिन सक्ने छन्। MD पाठ्यचर्याका लागि प्रस्ताव गरिएका Pool बाट कोर्स चयन गर्न सकिने छ। यसमा नेपाली विषयसित सम्बन्धित पाठ्यचर्या पनि उपलब्ध छ। यद्यपि यसका निम्ति सम्बन्धित महाविद्यालयको व्यवस्था बुझ्न आवश्यक रहने छ। विश्वविद्यालयद्वारा प्रस्तावित AECL र VAC अनिवार्य छ। यस सत्रको मोठ क्रेडिट 20 रहेको छ।

1. **पाठ्यचर्याको नाम - MAJOR 1**
   **पाठ्यचर्या कोड - UNEPMAJ11001**
   **पाठ्यचर्या शीर्षक - नेपाली भाषाको अध्ययन**

**[पूर्णाङ्क : 75, लिखित : 60, क्रमिक मूल्याङ्कन : 10, उपस्थिति : 5, क्रेडिट : 04, मोठ व्याख्यान : 60]**

**पहिलो एकाइ : 1 क्रेडिट (व्याख्यान 15)**

क. नेपाली भाषाको उत्पत्ति
ख. नेपाली भाषाका विकासको सर्वेक्षण
ग. नेपाली भाषाका भाषिकाहरूको परिचय
घ. नेपाली भाषाका प्रमुख विशेषता

**दोस्रो एकाइ : 1 क्रेडिट (व्याख्यान 15)**

क. नेपाली व्याकरण लेखनको इतिहास
ख. नेपाली कोश निर्माण परम्परा
ग. नेपाली भाषाको विस्तार
घ. भारतमा नेपाली भाषाको संवैधानिक मान्यता

**तेस्रो एकाइ : 1 क्रेडिट (व्याख्यान 15)**

क. नेपाली भाषाको वर्ण व्यवस्थाको परिचय

ख. नेपाली भाषाको शब्द ढुकुटीको परिचय
ग. नेपाली भाषाको शब्द निर्माण पद्धति
घ. नेपाली वाक्य गठन विधि

**चौथो एकाइ : 1 क्रेडिट (15 व्याख्यान बराबरको प्रायोगिक शिक्षण)**

**क्रमिक मूल्याङ्कन र उपस्थिति**

**सन्दर्भ सामग्री :**


१. नेपाली भाषाको उत्पत्ति र विकास – चूडामणि बन्धु
२. सामाजिक र प्रायोगिक भाषा विज्ञान – डा हेमाङ्ग राज अधिकारी
३. सामान्य र प्रायोगिक भाषाविज्ञान – डा यादवप्रकाश लामिछाने
४. नेपाली भाषा र साहित्य – बालकृष्ण पोखरेल